# गुराँस गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
# रानीमत्ता, दैलेख
कर्णाली प्रदेश, नेपाल

## महिला तथा बालबालिका विशेष कोष संचालन निर्देशिका, २०७६

गाउँ कार्यपालिकाबाट स्वीकृत मिति : २०७६।१०।०५

प्रमाणिकरण मिति : २०७६।१०।०७

प्रमाणित गर्नेको दस्तखत :

# महिला तथा बालबालिका विशेष कोष संचालन निर्देशिका, २०७६

**प्रस्तावना :**

कुनै पनि राष्ट्रको सर्वांगिण विकासका लागि त्यहा‘‘को दक्ष जनशक्ति विकास कार्यमा अधिकतम परिचालन भएको हूनु पर्दछ । नेपालको परिप्रेक्षमा हेर्ने हो भने देशको आधा भन्दा बढी जनसंख्या ओगटने महिलाहरु विकासको आयामहरुमा एकताबद्ध भई अगाडी बढाउन सकिएको छैन । यसको मुलकारण उनीहरुको सामाजिक ,आर्थिक, राजनैतिक स्तर पुरुषको भन्दा निकै कमजोर हूनु नै हो । महिलाहरुको यस्तो अवस्था हूनुमा हाम्रो पितृसतात्मक समाज, रिति रीवाज, धार्मिक प्रचलन र समाजमा महिलालाई हेर्ने दृष्टिकोण नै प्रमुख कारक तत्वको रुपमा रहेका छन । समाजमा विधमान महिला पुरुष विच हुने विभेद, महिला सधै पुरुष माथि आश्रित हूनुपर्ने, सामाजिक र आर्थिक संरचनाबाट महिलाहरुलाई मुक्त गराएर विकासको मूल प्रवाहमा उनीहरुलाई संलग्न गराउनु नितान्त जरुरी छ । आजका बालबालिका भोलिका कर्णाधार हुन् जसका लागि आवश्यक कार्यक्रमहरु सञ्चालन नगर्ने हो भने भोलिको सभ्य, सम्पन्न तथा सुसस्कृत समाजको परिकल्पना गर्न सकिदैन । हाल समाजको गरिवी तथा पछौटेपनले गर्दा बालबालिकाहरुको मृत्युदर, बाल सहभागिता, बाल शिक्षामा ज्यादै नराम्रो स्थिति छ जसका कारण हजारौ बालबालिकाहरु स्कुल जानबाट बञ्चित छन् । यिनीहरुको शिक्षा तथा स्वास्थ्यमा पह‘‘ूच अभिवृद्धि गरि समुन्नत समाजको निर्माण गर्नका लागि बाल शिक्षा, स्वास्थ्य, पोषण, बाल सहभागितामा अभिवृद्धि गर्ने गराउने दायित्व स्थानीय तहस‘‘ग पनि सम्बन्धित छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा समेत महिला तथा बालबालिकाको विषयमा गरिएको व्यवस्था बमोजिम गाउ‘‘पालिका क्षेत्र भित्रका महिलाको उत्थानका लागि आवश्यक योजना तयार गरी कार्यान्वयन गर्ने, राष्ट्रिय नीति अनूरुप अनाथ बालबालिका, असहाय महिला, बृद्ध, अपाङ्ग तथा अशक्तहरुको संरक्षण सम्बन्धी कार्य गर्ने र सामाजिक कुरिती हटाउने  तथा चेलीबेटी एवम् नारी संरक्षण सम्बन्धी काम गर्ने गराउने, पिछडिएका तथा महिला बर्ग र बालबालिकालाई प्रत्यक्ष लाभ पुग्ने कार्यहरु गर्ने गराउने तथा पिछडिएका तथा उत्पिडित  महिला र बालबालिकाका लागि आयमूलक र सीपमुलक कार्यक्रमहरु सञ्चालन गर्ने व्यवस्था भए बमोजिम गाउ‘‘पालिकाले यो महिला तथा बाल विकास विशेष कोष संचालन कार्यविधि गाउ‘‘ कार्यपालिकाबाट स्वीकृत गरि लागू गरिएको छ ।

जसको उद्देश्य निम्नानुसार छ :

क) महिला तथा बालबालिकाको उत्थानको लागि वार्षिक रुपमा कार्यक्रम तर्जुमा गरि सामाजिक समिति मार्फत गाउ‘‘ सभामा पेश गरी स्वीकृति गर्ने गराउने ।

ख) असहाय, असक्त, बृद्ध, अपाङ्ग तथा दलित, जनजाति, आदिवासी महिला एवं बाल बालिकाहरुको संरक्षणको काम गर्न सम्बन्धित संस्थामा सिफारिस गर्ने ।

ग) विभिन्न संघसंस्थाबाट सञ्चालन हूने महिला तथा बालबालिका सम्बन्धी कार्यक्रमहरुलाई सहयोग पुर्‍याउने

घ) महिला, बालबालिका, अपा॑, बृद्ध सम्बन्धि तथ्यांक/सूचना संकलन गरी अध्यावधिक गर्न सहयोग गर्ने ।

## परिच्छेद–एक

### संक्षिप्त नाम र प्रारम्भ

**१.संक्षिप्त नाम** : यस निर्देशिकाको नाम “महिला तथा बालविकास विशेष कोष संचालन निर्देशिका २०७६” रहनेछ । यो निर्देशिका गुरा‘‘स गाउ‘‘पालिका भित्र मिति २०७६/१०/०५ गतेको निर्णयानुसार मिति २०७६ साल माघ महिना ०७ गतेदेखि लागू हुनेछ ।

# परिच्छेद–दूई
## परिभाषा

२.यस निर्देशिका बमोजिम विषय वा प्रसंगले अर्को अर्थ नलागेमा देहायका शब्दहरुको परिभाषा निम्नानूसार हूनेछः
**(१) विशेष कोषः** भन्नाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी स्थापना भएको महिला तथा बालबालिका विशेष कोषलाई सम्झनू पर्नेछ ।
**(२) निर्देशिकाः** भन्नाले महिला तथा बालबालिका विशेष कोष संचालन निर्देशिकालाई बूझाउछ ।
**(३) व्यवस्थापन समितिः** भन्नाले महिला तथा बालबालिका विशेष कोष संचालन समितिलाई बुझाउछ ।

# परिच्छेद–तीन
## व्यवस्थापन समिति गठन

**३. व्यवस्थापन समिति गठनः** (१) महिला तथा बालबालिका विशेष कोषको सञ्चालन तथा आवश्यक नीति निर्देशन प्रदान गर्नको लागि देहाय बमोजिमका सदस्यहरु रहने गरि एक व्यवस्थापन समिति गठन गरिनेछ ।

| | |
|---|---|
| क) गाउपालिका अध्यक्ष | संयोजक |
| ख) गाउपालिका उपाध्यक्ष | सदस्य |
| ग) सामाजिक समितिका संयोजक | सदस्य |
| घ) प्रमुख प्रशासकिय अधिकृत | सदस्य |
| ङ) अध्यक्षले तोकेको एकजना महिला सम्बन्धी काम गर्ने सक्रिय गैंसस | सदस्य |
| च) गाउपालिका स्तरिय बाल सञ्जाल क्लबको प्रतिनिधी | सदस्य |
| छ) सामाजिक तथा महिला शाखा/इकाई प्रमुख | सदस्य सचिव |

(२) आवश्यकता अनूसार विभिन्न सरकारी तथा गैरसरकारी संघसंस्थाका प्रतिनिधिहरुलाई वैठकमा आमन्त्रित गर्न सकिनेछ ।
(३) व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारहरु देहाय बमोजिम हूनेछ :
क) गाउ‘‘पालिकाको लैङिक समानता, समता र मुल प्रवाहिकरण एवं बालबालिका सम्बन्धी कार्यलाई योजनाबद्ध रुपले अघि बढाउने खालका कार्यक्रमहरु सञ्चालनका लागि सवै निकायस‘‘ग समन्वय गर्ने ।
ख) महिला, एकल महिला तथा बालविकासका लागि योजना तयार गरी कार्यान्वयनका लागि सवै निकायस‘‘ग समन्वय गर्ने ।
ग) असहाय, असक्त, अपा¨ तथा दलित, आदिवासी/जनजाति महिला एवं

बालबालिकाहरुको संरक्षणका लागि सम्बन्धित निकायस‘‘ग समन्वय गरि कार्यक्रम सञ्चालन गर्ने ।

घ) गाउ‘‘पालिकामा निर्माण हूने बालबालिका एवं महिला सम्बन्धीका योजना तर्जूमा गर्न सहयोग गर्ने

ङ) गाउ‘‘पालिकामा सञ्चालन भएका बालविकास केन्द्र तथा बालक्लवहरुको सम्बन्धित निकायस‘‘ग समन्वय गरि अनूगमन तथा सहयोग गर्ने ।

च) महिला तथा बालबालिकामा काम गर्ने गैससहरुको विवरण तयार गर्ने ।

छ) बार्षिक रुपमा प्रतिवेदन सामाजिक समिति मार्फत गाउ‘‘ सभामा पेश गर्नु पर्नेछ ।

ज) महिला तथा बालबालिकाको क्षेत्रमा काम गर्ने संस्थाहरुको प्रोफायल तयार गर्ने ।

झ) बालबालिकाको क्षेत्रमा भएका कार्यक्रमहरुको अनूगमन गर्ने ,बार्षिक समिक्षा गरि प्रतिवेदन तयार गर्ने ।

## परिच्छेद–चार

### समितिको वैठक सम्बन्धी व्यवस्था

**५. बैठक सञ्चालन तथा सुविधा :** (१) व्यवस्थापन समितिको वैठक आवश्यकता अनूसार जूनसूकै समयमा बस्नेछ । यसको लागि समितिको संयोजकले वैठकको लागि निर्देशन दिनेछ ।

(२) महिला तथा बाल बालिका विशेष कोष व्यवस्थापन समितिका पदाधिकारीहरुले गाउ‘‘ कार्यपालिकाहरुले पाए सरह बैठक बसेको समयमा भत्ता पाउने छन् ।

## परिच्छेद–पा‘‘च

### कोष स्थापना तथा संचालन

**६. कोष स्थापना:**

(१) यस कोषमा देहायनूसारको रकम जम्मा गरिनेछः

क) गाउ‘‘पालिकाबाट वार्षिक रुपमा विनियोजित रकम ।

ख) नेपाल सरकारबाट प्राप्त अनूदान ।

ग) विभिन्न संघसंस्था तथा दाताहरुबाट प्राप्त अनूदान सहयोग ।

(२) कोष संचालनः यो विशेष कोषको रकम छुट्टै खाता खोलि नियमानूसार संचालन गरिने छ।

३) यस कोषमा रहेको रकम महिला तथा बालबालिकाको प्रत्यक्ष हित बाहेक अन्य प्रयोजनको लागि खर्च गर्न पाइने छैन ।

(४) यस कोषको रकम वार्षिक रुपमा कार्यक्रम तर्जूमा गरि गाउ‘‘ सभा्बाट स्वीकृत गरि कार्यान्वयन गर्ने गराइनेछ ।

## परिच्छेद- छ

### संसोधन तथा परिमार्जन

७. **संसोधन तथा परिमार्जनः** (१) महिला तथा बाल बालिका विशेष कोषलाई व्यवस्थित र सुदृढ बनाउनको लागि प्राप्त अनूभव र सूझावको आधारमा गाउ‘‘ कार्यपालिकाको बैठकबाट आवश्यकता अनुसार संशोधन तथा परिमार्जन गर्न सकिनेछ ।

## परिच्छेद –सात
### खारेजी तथा बचाउ

**८. खारेजी तथा बचाउ** : यस निर्देशिकामा व्यवस्था भएका कूराहरुको हकमा स्थानीय सरकार संचालन ऐन, २०७४ तथा सार्वजनिक खरिद नियमावली, २०६३ को कूनै ऐन तथा दफास‘‘ग बा‘‘झिएको हकमा खारेजी हुनेछ ।